नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## सप्तरी, राजविराज

फोन नं. :- ०३१-५२०६२४
५२००३२
५२०१७४
५२०८३२

पत्र संख्या :- २०७७/७८

चलानी नं :-

मिति :- २०७७/०४/३२

**नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।४।२६ को बैठकबाट भएका निर्णयहरु मध्येका केही निर्णयहरु**

निर्णय नं १

कोभिड–१९ संक्रमणको सक्रिय संक्रमित दुई सयभन्दा बढी भएका जिल्ला र काठमाण्डौ उपत्यकाका सरकारी तथा गैरसरकारी निकाय, बैंक, सहकारी, लघुवित्त एवं वित्तीय संघसंस्था लगायतका जनतासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने सबै कार्यालय निकाय एवं संघ संस्थाहरुले विद्युतिय माध्यमबाट समेत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने । मिति २०७७ साउन २९ गतेदेखि यी निकायहरुको कार्यसम्पादन एवं सेवा प्रवाहका लागि बढीमा ५० प्रतिशत कर्मचारी कार्यालयमा आलोपालो गरी उपस्थित हुने र अन्य कर्मचारीहरुलाई सुरक्षित रुपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरु गर्ने (Work From Home) व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने । अनलाइन, भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न सम्भव नहुने र बढी जनसम्पर्क हुने कार्य अर्को निर्णय नभएसम्मका लागि स्थगित गर्ने ।

निर्णय नं २

कोभिड १९ को संक्रमणको जोखिम बढदै गएको देखिएको हुँदा जनस्वास्थ्यको रक्षालाई सर्वोच्च प्राथमिकतामा राख्नुपर्ने अवश्यकता भएकोले धार्मिकस्थलहरुमा दैनिक नित्य पूजा वाहेक अन्य कुनै पनि गतिविधि सञ्चालन नगर्ने नगराउने । चाडपर्वहरु आ-आफ्नै घरभित्र रही जनस्वास्थ्यका मापदण्डहरु पालना गरेर आ-आफ्नो परिवारका सदस्यहरुले मात्र मनाउने ।

निर्णय नं ३

दैनिक उपभोग्य वस्तुलगायत पूर्वाधार निर्माणमा अवश्यक सामाग्रीहरु आपूर्ति गर्दा सो कार्यमा संलग्न चालक, सहचालक तथा अन्य व्यक्तिले स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालनामा कमी भएको देखिएकोले सम्बन्धित व्यवसायी, उद्योगी एवं सामाजिक संघ-संस्था, सामुदायिक संस्था र सहकारीहरुले अनिवार्य रुपमा सामाजिक दुरी कायम गर्नुका साथै मास्क, स्यानिटाइजरजस्ता न्यूनतम स्वास्थ्य मापदण्ड पालना गर्ने ।

निर्णय नं ४

फुंटपाथ/खुल्ला ठाउँ र ठेलागाडा/साइकलमा सञ्चालन भइरहेका तरकारी, फलफूल, खाद्यान्न लत्ता कपडा लगायतका खुद्रा व्यापार व्यवसाय एवं कवाडी संकलनजस्ता कार्य जथाभावी रुपमा सञ्चालन हुँदा भिडभाड बढ्ने र कोभिड-१९ को संक्रमण समुदाय स्तरसम्म विस्तार हुने जोखिम बढेकोले यस्ता कार्यलाई सम्बन्धित स्थानीय प्रशासन/स्थानीय तहले निषेध गर्ने ।

निर्णय नं ५

उद्योग, कलकारखाना लगायतका व्यवसाय सञ्चालन गर्ने व्यवसयीहरुले हाल उद्योग व्यवसाय सञ्चालन गर्न तथा निजी तथा सार्वजनिक निर्माणको काममा लगाइएका श्रमिक लगायतका जनशक्तिलाई अनिवार्य रुपमा जनस्वास्थ्य तथा सुरक्षाको मापदण्ड अवलम्वन गर्न लगाई उद्योग/कलकारखाना/सार्वजनिक तथा निजी निर्माणको परिसरभित्रै सुरक्षित रुपमा खाने बस्ने व्यवस्था गर्ने । हाललाई अन्यत्र स्थानबाट कामदारहरु नल्याउने । कोभिड-१९ को संक्रमणको कारण भविष्यमा आउने जोखिम व्यवस्थापन ग र्न सम्बन्धित उद्योग व्यवसायले आफ्नो क्षेत्रभित्र आवश्यक क्वारेन्टिन तथा आइसोलेसन लगायतका पूर्वाधारको प्रबन्ध समेत गर्ने ।

निर्णय प्रमाणित

०७७/४/३२

प्रशासकिय अधिकृत